नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७४।०५।०९

प्रेस विज्ञप्ति

२०७४ श्रावण २७ गते देखि परेको अविरल वर्षाका कारण भएको बाढी, पहिरो र डुवानबाट मुलुकका ३३ जिल्ला प्रभावित भएका छन् । प्राप्त पछिल्लो विवरण अनुसार विपद्को कारण १५३ जनाको मृत्यू, ३० वेपत्ता र ४२ घाइते भएका छन् । त्यसै गरी विपदबाट ४३,४०६ वटा घर पूर्ण रुपमा क्षति र १,५८,१९४ घरमा आशिंक रुपमा क्षति पुगेको प्रारम्भिक तथ्यांक छ । पूर्ण र आंशिक घर क्षतिको विवरण संकलन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

१. वाढी, डुवान प्रभावित प्रभावित जिल्लाहरूमा आजको मितिसम्म वितरण गरिएको राहत सामग्रीहरुः-
त्रिपाल- ५४०२८ थान, कम्बल- ९१४१ थान, मेट्रेस- ६६०९ थान, झुल- १३३९५ थान, भाँडाकुडा- ३०३२९ सेट, चामल- ६४८९४३ क्विन्टल, पिठो- ५,४१८ के.जी., दाल- ६०८०४ के.जी., चिउरा- १०८४६७ के.जी., चिनी- ८१११ के.जी, कपडा- २३७९८ थान, चाउचाउ- १५३८२२ प्याकेट, भुजियाँ- २८७६९ के.जी., दालमोठ- ३५५७४ के.जी, विस्कुट- ८६०६५ कार्टुन, पानी- ५२८१२ कार्टुन, तेल- २९३५८ लिटर, नुन- ३५८०७ के.जी. अन्य गैर खाद्य सामाग्री ४०१९८ थान ।

२. सुनसरी, बाँके, बारा, सर्लाही, मोरङ, नवलपरासी, बर्दिया, सप्तरी, झापा, रौतहट, रुपन्देही, पाँचथर, दाङ्ग, पाल्पा लगायतका जिल्लाहरुका बाढी, पहिरो तथा डुवानबाट मृत्यु भएका मध्ये ७३ जना मृतकका परिवार वा नजिकका हकदारहरुलाई हालसम्म २ लाखका दरले रु १ करोड ४६ लाख राहत रकम वितरण भैसकेको छ ।

३. यसै बीच जापान सरकारबाट विपद् प्रभावितहरुका लागि प्राप्त हुने सामग्री मध्ये मिति २०७४/०५/०७ गतेका दिन ब्लायाङ्केट-१ कार्टुन, प्लाष्टिक सीट -१ प्याकेट, स्लिपिङ्ग ब्याग- ४६ कार्टुन, टेन्ट- १ कार्टुन, पानी ट्याङ्की- १ थान प्राप्त भएको छ ।

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

४. अविरल वर्षाबाट आएको बाढी, पहिरो तथा डुवान पीडितहरुलाई खाद्यान्न खरिद गर्नका लागि प्रति व्यक्ति प्रति दिन रु. ७०।- का दरले ३० दिनका लागि एकमुष्ठ नगदै राहत उपलब्ध गराउने नेपाल सरकार (मन्त्रिपरिषद) २०७४/०४/३१ को निर्णय बमोजिम हालसम्म पाँचथर, झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, सर्लाही, नवलपरासी, बाँके लगायतका जिल्लाका १७४७ जना पीडित व्यक्तिहरुलाई राहत वितरण गरिसकिएको छ ।राहत वितरण कार्य तीब्रताका साथ भईरहेको छ ।

(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता